अंक २, २०६५ जेठ (मे/जुन २००८)

# सेबोन न्यूजलेटर

सचेततापूर्वक धितोपत्रमा लगानी गरी आर्थिक विकासमा सहभागी बनौं ।

■ ओटिसी बजार शुरु पृष्ठ-२ ■ धितोपत्रको दोस्रो बजार पृष्ठ-३ ■ धितोपत्रको सार्वजनिक निष्काशन तथा पाइपलाइन पृष्ठ-४



## अध्यक्षको मन्तव्य

डा. चिरञ्जीवी नेपाल

नेपाल धितोपत्र बोर्डले धितोपत्र बजारको प्राथमिक तथा दोश्रो बजारका समसामयिक गतिविधि र धितोपत्र बजार अनुगमन तथा सुपरीवेक्षण, लगानीकर्ता प्रशिक्षण, धितोपत्र बजार पूर्वाधारहरुको विकास सम्बन्धमा बोर्ड तथा अन्य सम्वद्धपक्षहरुबाट गरिएका प्रयासहरुलाई समावेश गरी सेबोन न्यूजलेटरको दोश्रो अंक प्रकाशनमा ल्याएको छ । देशमा धितोपत्र बजारको गुणात्मक विकास गरी पुँजी परिचालनको महत्वपूर्ण स्रोतको रुपमा विकास गर्न बोर्डले आफ्ना सम्पूर्ण प्रयासहरु जारी राखेको सन्दर्भमा यससँग सम्वद्ध अन्य पक्षहरुको सहयोग तथा सदभाव बोर्डलाई अपरिहार्य रहेको छ । बोर्डले विगतमा जस्तै आउँदा दिनहरुमा समेत देशको वित्तीय क्षेत्रसँग सम्बन्धित नियमन निकायहरुसँग सहकार्य तथा समन्वय गरी आफ्नो प्रयासलाई थप सशक्त रुपमा अगाडी बढाउन बोर्ड कटिवद्ध रहेको छ ।

२०६५ जेठ

## तथ्यांक व्यवस्थापन प्रणाली

नेपाल धितोपत्र बोर्डले अन्तर्राष्ट्रिय विकास संस्था (IDA) को अनुदान सहयोगमा बोर्डको आन्तिरक तथा वाह्य प्रत्यक्ष सूचना सम्बन्ध स्थापना र धितोपत्र सम्बन्धी जानकारी तथा तथ्यांक प्रणालीको सुदृढ व्यवस्थापन गरी धितोपत्र सम्बन्धी केन्द्रीय तथ्यांक बैंक विकास गर्न मिति २०६४।१२।०६ देखि धितोपत्र तथ्यांक व्यवस्थापन प्रणाली स्थापना आयोजना कार्यान्वयनमा ल्याएको छ । यस प्रणालीले नेपाल धितोपत्र बोर्डको संस्थागत क्षमता तथा कार्य दक्षतामा वृद्धि ल्याई बोर्डको बजार अनुगमन तथा सुपरीवेक्षण शसक्तता तथा प्रभावकारीता बढाउने छ ।

उक्त आयोजनाको कार्यान्वयन पश्चात सूचीकृत तथा नयाँ निष्काशनकर्ता संगठित संस्था र धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुले धितोपत्र सम्बन्धी ऐन तथा नियमका व्यवस्था अनुसार बोर्डमा प्रस्तुत गर्नुपर्ने विवरणहरु विद्युतीय माध्यम (Online) मार्फत प्रस्तुत गर्न सक्नेछ । साथै यस प्रणालीले धितोपत्र बजार विवरण प्रवाह अभ्यासमा सुधार तथा धितोपत्र बजार तथ्यांक तथा जानकारीमा सर्वसाधारण लगानीकर्ताको सहज पहुच बढाई धितोपत्र बजार मूल्यलाई यर्थाथता तथा स्थिरतातर्फ उन्मुख गराई नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रियकरण गर्न महत्वपूर्ण आधार प्रदान गर्नेछ ।

यस सम्बन्धमा बोर्डले निकट भविष्यमा सम्वद्ध पक्षहरुबाट आवश्यक सल्लाह, सुझाव लिई समन्वयात्यमक रुपमा आयोजनाको कार्यान्वयन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन एक अन्तक्रिया कार्यक्रमको आयोजना गर्ने भएको छ ।

## सार्वजनिक निष्काशनलाई स्वच्छ तथा पारदर्शी बनाउन

# बोर्डको नयाँ निर्देशन

नेपाल धितोपत्र बोर्डले धितोपत्रको सार्वजनिक निष्काशनसंग सम्बन्धित नयाँ निर्देशनहरु जारी गरेको छ । सबै निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई २०६५ जेठ १ गतेदेखि लागु गर्न गराउन बोर्डले निर्देशन गरेको छ । धितोपत्रको सार्वजनिक निष्काशन हुंदा कतिपय व्यक्तिहरुले अन्य व्यक्तिहरुको नागरिकता/परिचय समावेश गरी अन्य व्यक्तिहरुको नामबाट आफैले दरखास्त दिने गरेको र यसबाट वास्तविक लगानीकर्ताहरुले शेयर प्राप्त गर्न सक्ने सम्भावना न्यून भएको लगायत यस सम्बन्धी विभिन्न समस्याहरुमा तत्काल सुधार गर्नुपर्ने भनी धितोपत्र दलालहरु, निष्काशन तथा बिक्री प्रवन्धकहरुबाट समेत सो किसिमका सुझाव प्राप्त भइरहेको र बोर्डले अनुगमन गर्दा निष्काशन प्रकृयामा केही विकृति र विसंगतीहरु देखिएकोले बोर्डले आवेदनहरुको छानविन गर्ने र रितपूर्वक नभरिएका र अनधिकृत देखिएका आवेदनहरु रद्द गर्ने, सेयर खरीद आवेदन बुझ्दा र शेयर नपरेकाहरुलाई रकम फिर्ता भुक्तानी दिंदा सक्कल नागरिकता हेरेर मात्र गर्न सम्पूर्ण निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई निर्देशन दिइसकेको छ । धितोपत्रको सार्वजनिक निष्काशन कार्यलाई स्वच्छ र पारदर्शी बनाई बजार प्रति लगानीकर्ताहरुको विश्वास बढाउनु पर्ने आवश्यकतालाई दृष्टिगत गर्दै सो निर्देशनहरु दिइएको हो ।

जारी गरिएको सो निर्देशन अनुसार सार्वजनिक निष्काशनको वखत निष्काशन तथा बिक्री प्रबन्धकले नियुक्त गरेको प्रत्येक संकलन केन्द्रहरुले आफ्नो केन्द्रमा प्रत्येक दिन जम्मा भएको आवेदन फाराम र रकम सम्बन्धी विवरण हरेक दिन वा त्यस्को भोलिपल्ट अपरान्ह १२ बजे भित्र निष्काशन तथा बिक्री प्रबन्धकले बोर्डलाई जानकारी गराउनुपर्ने भएको छ भने निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्रको लागि दरखास्त साथ प्राप्त हुने रकम कुनै बाणिज्य बैंक (निष्काशन बैंक) मा आफ्नो र निष्काशन बैंकको संयुक्त संरक्षण (Custody) रहने खातामा जम्मा हुने गरी प्रबन्ध मिलाउनुपर्नेछ ।

साथै, निष्काशन बैंकमा जम्मा भएको रकम धितोपत्र बिक्री बन्द भएको भोलिपल्टसम्ममा नेपाल राष्ट्र बैंकमा खाता खोली कम्तिमा तीन दिनको लागि जम्मा गर्ने व्यवस्था मिलाउन निर्देशन गरेको छ भने धितोपत्र खरीदका लागि आह्वान गर्दा प्राप्त हुने रकमलाई निष्काशन बैंक (बैंकर टु द इस्यू) मा ब्याज प्राप्त हुने गरी जम्मा गरेको अवस्थामा कुल प्राप्त हुने ब्याज रकमको असी प्रतिशत रकम प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकमको आधारमा आवेदन मितिदेखि धितोपत्रको बाँडफाँट हुनुभन्दा अघिल्लो दिनसम्मको अवधि गणना गरी समानुपातिक हिसाबले ब्याज रकम दिने व्यवस्था गर्नुपर्नेछ र सोको जानकारी बोर्डलाई गराउनु पर्नेछ । निर्देशनमा धितोपत्रको सार्वजनिक निष्काशनको वखत कुनै किसिमबाट प्रचलित ऐन, नियम विपरित हुने गरी अनियमित तवरबाट आवेदन लिने, प्रशोधन गर्ने वा अन्य कुनै कार्य गरेको देखिएमा वा भेटीएमा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम निष्काशन तथा बिक्री प्रबन्धकलाई आवश्यक कारवाही हुने समेत उल्लेख गरिएको छ ।

सार्वजनिक निष्काशनमा अनधिकृत तवरले अत्याधिक मात्रामा आवेदन पर्नाले धितोपत्र बजारमा अन्य व्यक्तिहरुको नागरिकता प्रयोग गरी धेरै शेयर खरीद आवेदन दिनेहरुलाई बढी शेयर पर्ने हुंदा आफ्नै नाममा आवेदन दिने वास्तविक लगानीकर्ताहरु निरुत्साहित हुन सक्ने, अत्याधिक मात्रामा अनधिकृत आवेदनहरु पर्ने गरेको अवस्थामा वास्तविक लगानीकर्ताले आफ्नै नाममा मात्र शेयर खरीदका लागि आवेदन गर्दा निजलाई शेयर पर्ने सम्भावना कम हुन जाने हुंदा उक्त लगानीकर्ता समेत अन्य व्यक्तिहरुको नागरिकता संकलन गरी अनधिकृत रुपमा धेरै आवेदन गर्ने तर्फ उत्साहित हुने अवस्था रहेको देखिएको र यस्तो कार्यबाट त्यस्ता लगानीकर्ताहरु किर्ते दस्तखत गर्ने जस्तो गैर कानुनी कार्यमा नजानिदो प्रकारले फस्न सक्ने सम्भावना समेत रहको छ । अत्याधिक सख्यामा आवेदन पर्ने कारणले आवेदन फाराम छपाई तथा प्रशोधन कार्यमा बढी लागत तथा समय लाग्ने भई समग्र निष्काशन लागत नै बढी पर्न गएकोले लगानीकर्ताहरुलाई सचेत गराउन विभिन्न सुचनाहरु दिने गरिएको छ ।

अन्य व्यक्तिहरुको नागरिकताको प्रयोग गरी शेयर प्राप्त गर्ने व्यक्तिहरुले स्टक एक्स्चेन्ज मार्फत कारोवार गर्दा धितोपत्र दलालले कारोबार गर्दा ग्राहक विवरण राखेर मात्र कारोबार गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन गर्न धितोपत्र दलालहरुबाट बोर्डमा आएको डेलिगेसनलेसमेत यस्तो कठिनाई भएको हुंदा सार्वजनिक निष्काशनलाई नियन्त्रित गर्नुपर्ने लिखितरुपमा माग राखेको हुनाले बोर्डले सो निर्देशन कार्यान्वयनमा कडाई गर्दै आएको छ । वास्तविक लगानीकर्ताको पहिचान हुन नसकेको कारणले दस्तखत प्रमाणिकरण हुन नसकी दोस्रो बजारमा शेयरको कारोबारमा समस्या उत्पन्न हुन सक्छ, लगानीकर्ताहरु यस तर्फ समेत सचेत हुन बेला बेलामा सूचनाहरु दिने गरिएको छ । प्राथमिक बजारमा अनधिकृत रुपमा आवेदन गरी परेका शेयरहरु दोस्रो बजार मार्फत कारोबार गराई आफ्नो नाममा ल्याउने प्राथमिकताले गर्दा दोस्रो बजारमा यस्ता शेयरहरुको वास्तविक मूल्य कायम नहुने र यसबाट समग्र दोस्रो बजारको मूल्य निर्धारण प्रकृया नै अवास्तविक हुन सक्ने भएकोले लगानीकर्ता स्वयम यसमा सजग हुनुपर्दछ ।

अनधिकृत रुपमा आवेदन दिने प्रवृत्तिलाई निरुत्साहित गर्न नेपाल धितोपत्र बोर्डले उपयुक्त नीतिगत व्यवस्था गर्न नयाँ नियमावली समेत ल्याउने तयारी गरिरहेको छ ।

सहि लगानीकर्ता पहिचानको लागि आफ्नो नागरिकताको सक्कल प्रमाण पत्र देखाएर मात्रै धितोपत्रको सार्वजनिक निष्काशनमा सहभागी बनौं ।

# ओटिसी बजार शुरू

नेपाल स्टक एक्सचेन्जमा सूचीकरण खारेज भएका तथा सूचीकरण हुन नसकेका संगठित संस्थाहरुको कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लि. लाई २०६५ जेठ १४ गते ओभर द काउन्टर (ओटिसी) बजार सञ्चालनका लागि नेपाल धितोपत्र बोर्डले अनुमति प्रदान गरेको छ । नेपाल स्टक एक्सचेन्ज लि. ले ओभर द काउन्टर बजार सञ्चालनका लागि सो सम्बन्धी विनियमावली बनाई अनुमतिका लागि नेपाल धितोपत्र बोर्ड समक्ष आवेदन गरेको थियो । बोर्डबाट विनियमावली स्विकृत भएपछि २०६५ जेठ २२ गतेदेखि नै स्टक एक्सचेन्जले कारोबार समेत शुरु गरेको छ । यो बजारमा अहिले सूचीकरण खारेज भएका ३८ तथा तोकिएको योग्यता नपुगी सूचीकरण खारेज हुन नसकेका दुई वटा कम्पनीका सेयरधनीहरुले सेयर खरीद बिक्री गर्ने अवसरबाट लाभान्वित हुन सक्ने बोर्डले जनाएको छ ।

धितोपत्र बजारमा ओभर द काउन्टर बजारको शुरुवात भएपछि नेपालको धितोपत्र बजारमा एक नयाँ आयाम थप भएको र यसले धितोपत्र लगानीकर्ताहरुको विश्वास अभिवृद्धि गरी बजारको विकास तथा विस्तारमा महत्वपुर्ण योगदान पुग्ने नेपाल धितोपत्र बोर्डले विश्वास लिएको छ । सूचीकरण खारेज भएका र सूचीकरण हुन नसकेका कम्पनीहरुको सेयर लगानीमा तरलता उपलब्ध गराउने उद्देश्यले सञ्चालन हुने बजार नै ओभर द काउन्टर (ओटिसी) बजार हो । ओटिसी बजार सम्बन्धी बिनियमावली, २०६५ अनुसार सञ्चालित यो बजारमा नेपाल स्टक एक्सचेन्ज लि. ले आफ्नो स्वचालित कारोबार बाहेक छुट्टै काउन्टर खोली खरीदकर्ता र बिक्रीकर्ताको आपसी मोलतोलमा धितोपत्रको खरीद बिक्री गराइन्छ । शुक्रबार र सार्वजनिक विदाका दिनहरुमा बाहेक साताभर विहान ११ बजेदेखि अपरान्ह १ बजेसम्म स्टक एक्सचेन्जको ओटिसी बजारमा दलाल विना खरीदकर्ता र बिक्रीकर्ता बीच सिधैं कारोबार हुन्छ । ओटिसी बजार सञ्चालन विनियमावलीको विनियम ९ बमोजिम धितोपत्र बजारले सूचीकरण खारेज गरेका कम्पनीका धितोपत्रहरु, धितोपत्र बजारको सूचीकरणका लागि आवश्यक शर्तहरु पुरा गर्न नसक्ने कम्पनीका धितोपत्रहरु तथा सूचीकरण प्रकृयामा नआएका अन्य पब्लिक लिमिटेड कम्पनी तथा सरकारी संस्थाले सार्वजनिक निष्काशन गरेका धितोपत्रहरुको कारोबार ओटिसी बजारमा हुन सक्ने व्यवस्था छ । धितोपत्र बजारले सूचीकरण खारेज गरेका कम्पनीहरुको धितोपत्र स्वतः ओटिसी बजारमा कारोबार हुनेछ भने त्यस वाहेकका संगठित संस्थाले त्यस्तो कारोबारका लागि धितोपत्रहरु ओटिसी बजारमा दर्ता गराउनु पर्दछ । ओटिसी बजार मार्फत धितोपत्रहरुको कारोबार गर्न इच्छुक कम्पनीहरुले विनियममा तोकिएको ढाँचामा आवश्यक कागजात संलग्न गरी धितोपत्र दर्ताका लागि आवेदन दिनुपर्दछ ।

**ओभर दि काउन्टर (ओटीसी) बजारमा कारोबार हुनसक्ने कम्पनीहरुको विवरण**

| क्र.सं. | कम्पनीको नाम | सेयर होल्डर संख्या | चुक्त पुंजी (रु. दशलाखमा) | सूचीकरण खारेजी हुँदाको बजार मूल्य |
|---|---|---|---|---|
| १ | नेपाल ब्याट्रि कं लि. | | १२.५४ | ५८५.०० |
| २ | दि जुद्ध म्याच फ्याक्ट्रि लि. | | ३.२० | ४०.०० |
| ३ | नेपाल प्लाइउड एण्ड बबिन लि. | | १.७७ | १६.०० |
| ४ | हिमाल सिमेन्ट कं. लि. | | ४५.३१ | १५०.०० |
| ५ | सयपत्री कलर ल्याव लि. | | ३.४९ | ९९.०० |
| ६ | नेपाल मेड लि. | | ११.०८ | ३०.०० |
| ७ | एस ल्यावरोटोरिज (नेपाल) लि. | | २७.२४ | ३३.०० |
| ८ | बाँसवासी लेदरेज लि. | | ५०.०० | ६३.०० |
| ९ | नेकोन एयर लि. | | १७९.२० | २२.०० |
| १० | नेपाल युनाइटेड लि. | | ५.२९ | ११७.०० |
| ११ | प्लास्टिक ट्रेडिगं कं. लि. | | २.०० | ११०.०० |
| १२ | नेपाल ब्यापार विकास कं. लि. | | ७.१२ | १००.०० |
| १३ | काठमाडौं पाउरोटी उद्योग लि. | ९ | १.२० | १००.०० |
| १४ | पोखरा पाउरोटी उद्योग लि. | ७ | ०.७६ | १००.०० |
| १५ | हेटौंडा छाला उद्योग लि. | ११० | १४.०७ | १००.०० |
| १६ | इन्द्रेणी सोयाविन उद्योग लि. | १९५० | ३६.७७ | १००.०० |
| १७ | नेपाल जुगल उल पब्लिक लि. | १५ | ०.७० | ७०.०० |
| १८ | एभरेष्ट उल लि. | ४५ | २.५० | १००.०० |
| १९ | बालाजु यन्त्रशाला स्यानिटरी लि. | १२ | ०.५२ | १००.०० |
| २० | दि जुद्ध मैच फ्याक्ट्रि (विरगंज) लि. | १३० | २.८० | ४०.०० |
| २१ | बालाजु यन्त्रशाला (इलेक्ट्रो) लि. | १८ | ०.३८ | १००.०० |
| २२ | काँचो छाला सं. तथा वि संस्थान लि. | ३२ | ४.३२ | १००.०० |
| २३ | गण्डकी ब्रिक फैक्ट्री लि. | २०६ | १४.३९ | १००.०० |
| २४ | एग्रो नेपाल लि. | ६३५० | ३०.०० | ३३.०० |
| २५ | नेपाल ट्रेड टेम्पल लि. | १२६ | १.६० | १००.०० |
| २६ | ब्हाइट एभरेष्ट ब्यापार कं. लि. | १८१ | ३.०० | ९०.०० |
| २७ | नेपाल उल इम्पोर्ट एण्ड सं. कं. लि. | ४९ | १०.०० | १००.०० |
| २८ | नेपाल एभरेष्ट कं. लि. | १७९ | ५.०० | १००.०० |
| २९ | इन्ट्रेड नेपाल लि. | १२१ | ४.५० | १०५.०० |
| ३० | ग्रिनहिल ट्रेडिङ्ग कं. लि. | २०४ | २.५० | १००.०० |
| ३१ | नेपाल प्रोर्ग्रेसिभ ट्रेडिङ्ग कं. लि. | ८१ | ४.४७ | १००.०० |
| ३२ | काष्ठमण्डप ट्रेडिङ्ग कं. लि. | २१८ | २.२५ | ७५.०० |
| ३३ | लुम्बिनी ट्रेडिङ्ग कं. लि. | १३३ | १.७२ | ५४.०० |
| ३४ | हिमालयन ट्रेडिङ्ग कं. लि. | ८७ | १.०० | ५०.०० |
| ३५ | नेपाल युनिक ट्रेडिङ्ग कं. लि. | १३३ | २.०० | ६७.०० |
| ३६ | रामजानकी ट्रेडिङ्ग कं. लि. | ९४ | ०.८८ | ३५.०० |
| ३७ | नेपाल मेटल कं. लि. | ८२१ | ८४.२८ | ५.०० |
| ३८ | नेपाल बैंक लि. | | ३८०.२८ | १७४.००* |
| | **तोकिएका योग्यता नपुगी सुचीकरण हुन नसकेका कम्पनीहरू** | | | |
| १ | बालाजु कपडा उद्योग लि. | | | |
| २ | कलर स्क्यान नेपाल लि. | | | |

* (२०६० कार्तिकको अन्तिम कारोबार)

## ब्रोकर संघका पदाधिकारीलाई बधाई

नेपाल धितोपत्र दलाल संघको अधिवेशनले चयन गरेको संघको नयाँ पदाधिकारीहरुलाई २०६५ जेठ १३ गते नेपाल धितोपत्र बोर्डले शुभकामना तथा बधाई ज्ञापन गऱ्यो । बधाई तथा शुभकामना व्यक्त गर्दै नेपाली धितोपत्र बजार विकासमा धितोपत्र दलालहरुको भूमिका अहम रहेको धारणा राख्दै नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपालले व्यवसायीहरुले आफ्नो सेवाको गुणस्तरमा समेत वृद्धि गर्नुपर्ने बताउनुभयो । सो अवसरमा दलाल संघका नवनिर्वाचित पदाधिकारीहरुको उपस्थिति थियो । दलाल संघको नव निर्वाचित अध्यक्षमा नन्दकिशोर मुंदन्डा, उपाध्यक्ष सुचिता खनाल, महासचिव अन्जनराज पौडेल, कोषाध्यक्षमा बद्री फुयाल तथा सदस्यहरुमा नविन्द्र न्हुछे प्रधान, मेघनाथ उपाध्याय, उमेश रेग्मी, अनोज अग्रवाल, नितेशकुमार अग्रवाल चयन हुनु भएको छ । नवराज पोख्रेल, इश्वरी रिमाल, परमेश्वरभक्त मल्ललाई संघका सल्लाहकार रहनु भएको छ ।

## सेबोन न्यूजलेटरको विमोचन



धितोपत्र बजारको गतिविधि एवं चालु आ.व. भित्र नेपाल धितोपत्र बोर्डले गरेका काम कारवाहीलाई आम सर्वसाधारण लगानीकर्ता एवं सम्बद्ध पक्षलाई जानकारी दिने उद्देश्यले पहिलो पटक बोर्डले सेबोन न्यूजलेटर नामक त्रैमासिक समाचार पत्रिका प्रकाशन गर्न शुरु गऱ्यो । बोर्ड परिसरमा आयोजित विमोचन समारोहमा अर्थमन्त्री डा. रामशरण महतले सो न्यूज लेटरको विमोचन गर्नु भयो । उक्त अवसरमा अर्थमन्त्री डा. महतले नेपालको धितोपत्र बजार अझै विस्तारित भैनसकेकाले यसलाई प्रभावकारी बनाउन बोर्डले प्रकाशन गरेको न्यूजलेटरले महत्वपुर्ण भूमिका खेल्ने बताउदै लगानीकर्तालाई सुसूचीत गराउने सामाग्रीहरु प्रकाशन गराउन पर्ने बताउनुभयो । विमोचन समारोहमा सहभागीलाई स्वागत गर्दै बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपालले न्यूजलेटरको प्रकाशनबाट धितोपत्र बजारका गतिविधि एवं सूचनाहरु सहज ढंगबाट आम सर्वसाधारण समक्ष प्रवाह हुने जनाउनु भयो । बोर्डका निर्देशक निरज गिरीले संचालन गर्नु भएको सो विमोचन कार्यक्रममा नेपाल राष्ट्र बैंकका कामु गर्भनर कृष्णवहादुर मानन्धर, बीमा समितिका अध्यक्ष देवेन्द्रप्रताप शाह, नेपाल धितोपत्र विनिमय बजार लि. का अध्यक्ष एवं अर्थ मन्त्रालयका सह सचिव विमलप्रसाद वाग्ले, महाप्रबन्धक रेवतवहादुर कार्की, कम्पनी रजिष्टर कार्यालयका रजिष्टार अम्बरराज पौड्याल एवं बोर्ड सदस्यहरु उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा सहभागि अतिथिहरुलाई बोर्ड सदस्य सिताराम थपलियाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# धितोपत्रको दोस्रो बजार







२०६५ बैशाख मसान्तमा धितोपत्रको दोस्रो बजार कारोबारको कुल बजार पुंजीकरण मुल्य रु. २ खर्ब ७४ अर्ब १० करोड १४ लाख ४० हजार पुगेको छ । २०६४ मंसीरमा सो मुल्य रु. ३ खर्ब २२ अर्ब ६१ करोड ८४ लाख ५० हजार रहेको थियो जुन अहिले सम्मको सबैभन्दा अधिकत्म बजार पुंजीकरण मुल्य हो । चालु आ.व. को श्रावण महिनामा सो मुल्य १ खर्ब ८३ अर्ब २१ करोड ३० लाख ५० हजार थियो । बजार पुंजीकरण गत श्रावण महिनादेखि क्रमश वढ्दै मंसिरमा अत्याधिक बनेर त्यसपछि घट्दे २०६५ फागुनमा रु. २ खर्ब ३० अर्ब ८१ करोड ७१ लाख ७० हजार पुगेको थियो । त्यसपछि सो मुल्यमा विस्तारै वृद्धि भइरहेको छ । धितोपत्र कारोबारको औसत मुल्य देखाउन प्रयोग गरिने NEPSE परीसुचक पनि २०६४ मंसिरमा १०२५.८१ अंक पुग्यो जुन अहिलेसम्मकै सबैभन्दा अधिकत्म हो ।

२०६४ श्रावणमा ७०५.८६ अंक रहेको सो परीसूचक समेत क्रमश वढ्दै २०६४ मंसिरमा अधिकतम भएर त्यसपछि कम हुदै विस्तारै वढिरहेको छ । २०६५ बैशाख मसान्तसम्ममा नेपाल स्टक एक्सचेन्ज लि. मा धितोपत्र कारोबारका लागि सूचीकृत हुने संगठित संस्थाहरुको संख्या १४८ पुगेको छ ।

## अनधिकृत आवेदन रद्द

केही समय अगाडी नेपाल डेभलपमेन्ट एन्ड इम्प्लायमेन्ट प्रमोशन बैंक लि. को धितोपत्र सार्वजनिक निष्काशनमा नेपाल धितोपत्र बोर्डले गरेको स्थलगत निरिक्षण तथा सुपरीवेक्षणबाट रित नपुगी भरिएका ३ लाख ११ हजार आवेदन रद्द गरिएको छ । १२ लाख ८० हजार कित्ता बराबरको १२ करोड ८० लाख रुपैयाँको साधारण सेयरका लागि आवेदन मागिएकोमा ८ अर्ब ५५ करोड रुपैयाँ (कुल आवेदन संख्या ५ लाख ८५ हजार) को आवेदन परेको थियो । रित नपुगेर तथा अनधिकृत तवरले प्रशस्त आवेदनहरु भरिएको भन्ने गुनासो परेपछि नेपाल धितोपत्र बोर्डले सो सार्वजनिक निष्काशनमा स्थलगत निरिक्षण एवं सुपरीवेक्षण गरेको हो ।

## बोर्ड विरुद्धको रिट निवेदन खारेज

धितोपत्र व्यवसायी शिवशक्ति स्टक एण्ड इन्भेष्टमेन्ट प्रा.लि. ले धितोपत्र सम्बन्धी ऐनले तोकिएको म्यादभित्र नवीकरणका लागि निवेदन नदिएकोले ऐनको व्यवस्था बमोजिम अनुमतिपत्र स्वतः खारेज भएको जानकारी गराइएकोमा बोर्ड समेत लाई विपक्षी बनाई सो जानकारी पत्र र कामकारवाही उत्प्रेषणको आदेशद्वारा वदर गरी पाउँ भनी सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदन खारेज भएको छ ।

## लगानीकर्ताहरुको हितको लागि नियमित सुचना प्रवाह

धितोपत्रको सार्वजनिक निष्काशन तथा दोस्रो बजार कारोबारका विषयमा सर्वसाधारण लगानीकर्ताहरुको सचेतता अभिवृद्धि गर्न नेपाल धितोपत्र बोर्डले विभिन्न किसिमका सुचनाहरु विभिन्न सञ्चार माध्यमहरु मार्फत संप्रेषण गर्ने गरेको छ । सार्वजनिक निष्काशन तथा दोस्रो बजार कारोबारमा कुनै किसिमका अनियमितता एवं कठिनाई आएर लगानीकर्ताले लिखित रुपमा गुनासोहरु दिएपछि बोर्डले त्यस्ता समस्या समाधानका लागि तत्सम्बन्धि सुचना एवं जानकारीहरु नियमित रुपमा प्रवाह गर्ने गरेको छ । नेपाल धितोपत्र बोर्डले केही समय अगाडि लगानीकर्ताहरुको गुनासा तथा सुझावहरु दिनका लागि एक हटलाईन टेलिफोन नं. (४-२३८३२६) को समेत व्यवस्था गरेको थियो ।

## स्टक एक्सचेन्जलाई अनुमति

धितोपत्र सम्बन्धि ऐन, २०६३ तथा धितोपत्र बजार संचालन नियमावली, २०६४ बमोजिम विद्यमान धितोपत्र विनिमय बजारलाई ऐन नियम अनुसार नयाँ व्यवस्थाहरु गरी बोर्डबाट पुनः अनुमति लिनुपर्ने व्यवस्था भए अनुसार नेपाल स्टक एक्सचेन्ज लि. ले बोर्ड समक्ष अनुमतिका लागि निवेदन दिएकोमा नेपाल धितोपत्र बोर्डले नेपाल स्टक एक्सचेन्ज लि. लाई २०६५ बैशाख २५ गते धितोपत्र विनिमय बजारको अनुमति प्रदान गरेको छ ।

## नियमन निकायहरु एकै थलोमा

नियमन निकायहरु बीच उच्च तहमा वित्तिय क्षेत्रका साझा मुद्दाहरुलाई आपसी छलफलबाट सम्बोधन गर्ने र एक आपसमा बजारको नियमन तथा सुपरीवेक्षण सम्बन्धी अनुभव तथा सूचनाहरु आदान प्रदान गर्ने जस्ता कार्यहरुको थालनीका लागि नेपाल धितोपत्र बोर्डले २०६४ चैत्र १४ गते एक छलफल कार्यक्रमको आयोजना गऱ्यो । सो छलफलमा नेपाल राष्ट्र बैंकका कामु गर्भनर कृष्णवहादुर मानन्धर, कम्पनी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार अम्बरराज पौडेल, बीमा समितिका अध्यक्ष देवेन्द्रप्रताप शाह तथा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपाल सहभागि हुन भएको थियो ।

नेपाल विश्व व्यापार संगठनको सदस्य भैसकेको सन्र्दभमा सेवा क्षेत्रलाई सवल र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी गराउदै लैजान वित्तिय क्षेत्रको नियमन निकायहरु अझ सशक्त रुपमा अगाडी वढ्नुपर्ने आवश्यकता महसुस भएको सन्र्दभमा वित्तिय क्षेत्रका नियमन निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा बीमा समितिहरु वीचको आपसी सहयोग एवं समन्वयको अपरिहार्यता रहेकाले नेपाल धितोपत्र बोर्डको पहलमा सो छलफल आयोजना गरिएको हो । सो छलफलमा वित्तिय क्षेत्रको हालको स्थिति लगायत धितोपत्र बजारमा विद्यमान समस्या तथा चुनौतिहरु बारे समिक्षा गर्दै यसको समाधानका लागि संयुक्त रुपमा पहल गर्न सहमति भएको थियो । आगामी दिनहरुमा समेत यस्ता छलफल कार्यक्रमहरुलाई निरन्तरता दिइने भएको छ ।



## सूचना

नेपाल धितोपत्र बाेर्डले सर्वसाधारण लगानीकर्ताहरुको सचेतता अभिवृद्धिमा थप सहयोग पुगोस भनी यो सेबोन न्युजलेटर प्रकाशित गर्दै आएको हुनाले यसै मार्फत सर्वसाधारण लगानीकर्ताहरुमा नेपालको धितोपत्र बजारका बारेमा कुनैपनि किसिमका प्रश्न/जिज्ञासाहरुको जवाफ दिइने हुनाले कुनै जिज्ञासाहरु भएमा हाम्रो निम्न ठेगानामा लिखित रुपमा पठाउन सक्नुहुन्छ । यहाँहरुले लिखित रुपमा राख्नु भएको प्रश्नको जवाफ बोर्डका विभागीय प्रमुखहरु मार्फत आगामी अंकमा प्रकाशन गरिनेछ ।

**नेपाल धितोपत्र बोर्ड**
प्रशिक्षण शाखा
थापाथली, काठमाडौं, पो.ब.नं. ८०३१,
फोन नं. ४२३०५०८, ४२४८३८१,
फ्याक्सः ४२४६४३४,
E-mail: sebo@ntc.net.np,
Web: www.sebonp.com

# धितोपत्र निष्काशन




नेपाल धितोपत्र बोर्डले चालू आर्थक वर्षको जेष्ठ मसान्तसम्ममा रु. ९ अर्ब १७ करोड ५७ लाख ११ हजार ६ सय बराबरको धितोपत्र निष्काशनका लागि अनुमति प्रदान गरेको छ । सो निष्काशित रकम मध्ये रु. ६३ करोड २६ लाख ५० हजार साधारण सेयर, रु. ६ अर्ब १४ करोड ३० लाख ६१ हजार ६ सयको हकप्रद शेयर र रु. २ अर्ब ४० करोड बराबरको ऋणपत्रको सार्वजनिक निष्काशनका लागि अनुमति दिइएको हो । जेष्ठ मसान्तसम्मको कुल धितोपत्र सार्वजनिक निष्काशनमा ९ बाणिज्य बैंकको रु. २ अर्ब १३ करोड ५६ लाख ८१ हजार ४ सय, १७ विकास बैंकको रु. १ अर्ब ९३ करोड ८४ लाख ५१ हजार ८ सय, २८ वित्त कम्पनीको रु. ३ अर्ब ४५ करोड १२ लाख १६ हजार ४ सय, ५ बीमा कम्पनीको रु. १५ करोड ३ लाख ६२ हजार र रु. १ अर्ब ५० करोडको बिद्युत ऋणपत्र रहेको छ ।







# पाइप लाइनमा निष्काशन

चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा रु. ४ अर्ब ७६ करोड ४० लाख ५६ हजार बराबरको धितोपत्रको निष्काशनका लागि आवेदन परेको छ । ५ बाणिज्य बैंक, ७ वित्त कम्पनी, एक ब्यापार कम्पनी, ३ जलविद्युत कम्पनी, ३ विकास बैंक र २ बीमा कम्पनी गरी कुल २१ विभिन्न संगठित संस्थाहरु रहेका छन् । उक्त कम्पनीहरुले निष्काशन अनुमतिको प्रक्रियामा रहेको सार्वजनिक निष्काशन गर्न पाउँ भनी बोर्ड समक्ष निवेदन दिएका छन् ।

**साधारण सेयर** (रु. करोडमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | प्र. निष्काशन रकम |
|---|---|---|---|
| १ | इन्भेष्टा फाइनान्स कं. लि. | वित्त | १.६० |
| २ | अरुणभ्याली हा.पावर डे कं. लि. | जलविद्युत | १२.०० |
| ३ | बैंक अफ एशिया नेपाल लि. | बाणिज्य बैंक | ३०.०० |
| ४ | चिलिमे हाइड्रो पावर कं. लि. | जलविद्युत | १३८.२४ |
| ५ | ग्लोबल बैंक लि. | बाणिज्य बैंक | ३०.०० |
| ६ | पशुपति डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ८.०० |
| | | जम्मा | २१९.८४ |

**हकप्रद सेयर** (रु. करोडमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | प्र. निष्काशन रकम |
|---|---|---|---|
| १ | जनरल फाइनान्स कं. लि. | वित्त | १.१० |
| २ | सम्झना फाइनान्स कं. लि. | वित्त | २.७८ |
| ३ | काठमाडौं फाइनान्स लि. | वित्त | ३.३० |
| ४ | नेको इन्स्योरेन्स कं. लि. | बीमा | ५.५० |
| ५ | बागेश्वरी विकास बैंक लि. | विकास बैंक | १.५० |
| ६ | एलायन्स इन्स्योरेन्स कं. लि. | बीमा | ६.०० |
| ७ | यति फाइनान्स लि. | वित्त | ३.१३ |
| ८ | नेशनल हाइड्रो पावर कं. लि. | जल विद्युत | ६९.५७ |
| ९ | गोर्खा फाइनान्स लि. | वित्त | ३.०० |
| १० | माछापुच्छे बैंक लि. | बाणिज्य बैंक | ४९.३० |
| ११ | गण्डकी विकास बैंक लि. | विकास बैंक | ५.०० |
| १२ | ओम फाइनान्स लि. | वित्त | १.४० |
| | | जम्मा | १५१.५८ |

**ऋणपत्र** (रु. करोडमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | प्र. निष्काशन रकम |
|---|---|---|---|
| १ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन | ब्यापार | ५०.०० |
| २ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | बाणिज्य बैंक | २५.०० |
| ३ | नविल बैंक लि. | बाणिज्य बैंक | ३०.०० |
| | | जम्मा | १०५.०० |

# नयाँ संगठनात्मक संरचना

धितोपत्र सम्बन्धी ऐन तथा नियमावलीहरु लागु भएपछि बढ्न गएको बोर्डको कार्यभारलाई सम्पादन गर्न र बजारको नियमन सुपरीवेक्षण तथा कानुन प्रवलीकरणलाई प्रभावकारी गराउन तयार गरिएको संगठन संरचना नेपाल धितोपत्र बोर्डले २०६४ चैत्र १ गतेदेखि लागु गरेको छ । सो नयाँ संरचनामा दुई जना कार्यकारी निर्देशकको ब्यवस्था गरिएको छ । दुई जना कार्यकारी निर्देशकले हेर्ने गरी ब्यवस्थापन, योजना तथा विकास, संस्थागत वित्त, वित्तिय सूचना विश्लेषण, नियमन, सूपरीवेक्षण तथा कानुन गरी सात विभागहरु खडा गरिएको छ ।

ब्यवस्थापन विभाग अर्न्तगत मानव संसाधन तथा वित्त गरी दुई शाखा, योजना तथा विकास विभाग अर्न्तगत अनुसन्धान, प्रशिक्षण, सूचना प्रविधि तथा अन्तर्राष्ट्रिय सम्बन्ध गरी चार शाखा, संस्थागत वित्त विभाग अर्न्तगत सार्वजनिक निष्काशन तथा सामूहिक लगानी कोष गरी दुई शाखा, नियमन विभाग अर्न्तगत धितोपत्र बजार नियमन तथा धितोपत्र ब्यवसायी नियमन शाखा गरी दुई शाखा, सुपरीवेक्षण विभाग अर्न्तगत धितोपत्र बजार सुपरीवेक्षण, धितोपत्र ब्यवसायी सुपरीवेक्षण, कारोबार सुपरीवेक्षण तथा संस्थागत सुपरीवेक्षण गरी चार शाखा तथा कानुन विभाग अर्न्तगत अनुसन्धान तथा तहकिकात र कानुन प्रवलीकरण गरी दुई शाखाहरु रहेका छन् ।

# लगानीकर्तालाई प्रशिक्षण



नेपाल धितोपत्र बोर्डले धितोपत्रका सर्वसाधारण लगानीकर्ताहरुको लगानी सम्बन्धी सचेतता अभिवृद्धि गर्न २०६४ फागुन १० गतेबाट संचालन गरेको पहिलो चरणको लगानीकर्ता प्रशिक्षण सम्पन्न भएको छ । सो प्रशिक्षणमा धितोपत्रमा लगानी गरिरहेका एवं लगानी गर्न इच्छुक चार सय पाँच जना सर्वसाधारण लगानीकर्ताहरुको प्रत्यक्ष सहभागिता रहेको थियो । प्रत्येक शुक्रबार बोर्डको कार्यालयमा सञ्चालित सो प्रशिक्षण पूर्णरुपमा निशुल्क थियो । सहभागिताको लागि नाम दर्ता गराउने सर्वसाधारण लगानीकर्ताहरुलाई करिव तीस जनाको समुहमा विभाजन गरी साप्ताहिक रुपमा पालैपालो प्रशिक्षण दिइएको थियो । अन्यन्तै रुची र चासोका साथ सर्वसाधारण लगानीकर्ताहरुले धितोपत्र बजारको सामान्य जानकारी हासिल गर्न सो प्रशिक्षण फलदायी भएको जनाएका थिए । साथै, उनीहरुले आगामी दिनमा पनि बोर्डले यस्ता प्रशिक्षणहरु सञ्चालन गर्नुपर्ने धारणा ब्यक्त गरेका थिए । बोर्डले निकट भविष्यमा नै प्राविधिक ज्ञान समेटेर दोस्रो चरणको धितोपत्र बजार सम्बन्धी विषयगत प्रशिक्षणहरु संचालन गर्ने योजना बनाएको छ । उक्त प्रशिक्षण बोर्डका उपनिर्देशक श्री नवराज अधिकारीले सञ्चालन गर्नु भएको थियो ।

**नेपाल धितोपत्र बोडद्वारा प्रकाशित**

संरक्षकः डा. चिरञ्जीवी नेपाल, सल्लाहकार सम्पादकः निरज गिरी, परिष्टनाथ पौड्याल, सम्पादकः गोपालकृष्ण आचार्य

कार्यालयः थापाथली, काठमाडौं, पो.ब.नं. ९०३१, फोन नं. ४२३०४०९, ४२४८३८१, फ्याक्सः ४२४६४३४, E-mail: sebo@ntc.net.np, Web: www.sebonp.com